नेपाल गजेट

भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५] काठमाडौं मार्ग ६ गते २०१२ साल [संख्या १३

कानून विभाग

श्री ५ महाराजाधिराजबाट बनाइएकोले तल जेलिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

२०१२ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामषट् अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुरशमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

(३३)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजकीय अधिकार प्रत्यायोजन गर्ने ऐन

प्रस्तावना

हामी श्री ५ महाराजाधिराज विश्वराष्ट्र भारतवर्षको राष्ट्रपतिको विशेष निमन्त्रणाबाट केही अवधिको निमित्त भारततर्फ प्रस्थान गरिबक्सने भएकोले हाम्रो सवारी मुलुक बाहिर भई नभित्रिबक्सेसम्मलाई मुलुकको शान्ति सुव्यवस्था कायम राख्ने शासनसम्बन्धी दैनिक काम गर्दा निमित्त हाम्रा उत्तराधिकारी छोरा बानी श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको बाल्यावस्था भएकोले भाइ श्री ५ माननीय अधिराजकुमार हिमालयवीरविक्रम शाहदेवलाई राजकीय अधिकार प्रत्यायोजन गरी हाम्रो राज-प्रतिनिधि (रिजेन्ट) मुकरर गरिबक्सनालाई श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

[१] यो ऐनको नाम 'राजकीय अधिकार प्रत्यायोजन [डेलिगेशन] ऐन, २०१२' रहेको छ।

[२] यो ऐन हामी श्री ५ महाराजाधिराजको सवारी मुलुकबाहिर भएको मिति र समयदेखि नेपाल राज्यभर लागू भई हाम्रो सवारी नभित्रिउन्जेल कायम रहनेछ।

२. राजकीय अधिकार प्रत्यायोजनः— हाम्रो अनुपस्थितिमा मुलुकको शान्ति सुव्यवस्था कायम राख्ने शासनसम्बन्धी दैनिक काम गर्ननिमित्त भाइ श्री ५ माननीय अधिराजकुमार हिमालयवीरविक्रम शाहदेवलाई राजकीय अधिकार प्रत्यायोजन गरी हाम्रो राज-प्रतिनिधि [रिजेन्ट] मुकरर गरिबक्सेको छ।

३. शपथ—ग्रहणः— माथि दफा [२] बमोजिमको अभिभारा उठाउनुभन्दा अगाडि हाम्रो वा हामीबाट यस कामलाई खटाइबक्सेको व्यक्तिको समक्षमा अनुसूचीमा लेखिएबमोजिमको शपथ ग्रहण गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अधिकार घटाउने बढाउनेः— यस ऐनद्वारा दिइएको राजकीय अधिकार खारेज गर्ने, घटाउने बढाउने सम्पूर्ण अधिकार हामीमा राखिदिएको छ ।

५ विशेष छाप लालमोहर सदर हुनेः— हामीले विदेशबाट पठाइदिएको हुकुममा साथमा रहेका नमूनाबमोजिमको यसै दफाको पटकेमा लागेको विशेष छाप र बाहुली निशाना परेपछि लालमोहर भएमरह मान्यता दिइएको ।

अनुसूची

.....

श्री ५ महाराजाधिराजबाट आज मजाई मुकरर गरिदिएको राज–प्रतिनिधिको हैसियतले श्री ५ महाराजाधिराज तथा मौसूफका उत्तराधिकारीहरू प्रति र देशका प्रचलित थिति रीति कानूनहरूप्रति पूर्णतया वफादार रही राजकीय अधिकार प्रत्यायोजन [डिलिगेशन] ऐन, २०१२ बमोजिम गर्नेछन् काम कामहरू इमान्दारीका साथ गर्नेछु भनी ईश्वर साक्षी राखी धर्म भावदछु ।

इति संवत् २०१२ साल कार्तिक १६ गते रोज ७ शुभम् ।

आज्ञाले—

रत्नबहादुर बिष्ट

सेक्रेटरी—कानून तथा संसदीय प्रबन्ध विभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानूनविभाग

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ.

२०१२ सालको ऐन नं. ११

स्वस्तिश्री गिरीराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि-विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्ति पट्ट अति प्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर विक्रम जंङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

प्रधान न्यायालयको ऐन, २००८ संशोधन गर्ने ऐन

प्रधान न्यायालय ऐन २००८ यसपछि मूल ऐन भनी लेखिएको संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम—यो ऐनको नाम 'प्रधान न्यायालय तेश्रो संशोधन ऐन, २०१२' रहेकोछ।

२. मूल ऐनको दफा ४ को संशोधन: मूल ऐनको दफा ४ को सट्टा देहायको दफा राखिएको छ।

प्रधान न्यायालयको आदेश फैसलाहरु अन्तिम निर्णय (कोर्ट अफ रेकर्ड) भनी मान्य हुनेछ तथा प्रधान न्यायालयको र सोमातहतको अदालतहरूको अवहेलनासम्बन्धी सजाय गर्ने अख्तियार यस प्रधान न्यायालयलाई प्रचलित भई राखेको ऐनहरूअनुसार हुनेछ।

३. मूल ऐनको केही दफाहरू खारेज :—मूल ऐनको दफा १८, २२, २३, ३७, र ३८ खारेज भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा १९ र २० को संशोधनः—मूल ऐनको दफा १९ को 'वा स्पेशल बेन्च वा फूल बेञ्च' र दफा २० को 'स्पेशल बेन्च वा फूल बेन्च' भन्ने शब्दहरू झिकीएका छन् ।

५. मूलऐनको दफा २१ को संशोधनः— मूलऐनको दफा २१ को सट्टा देहयको दफा राखिएको छ।

अपील साधक हेर्ने समेत अधिकारः प्रधान न्यायालयको अपील सुन्ने, मुद्दा दोहऱ्याउने र साधक हेर्ने अधिकार कानूनले दिएबमोजिम हुनेछ र दरखास्त वा बिन्तिपत्रसम्बधी अन्त कालीन आदेशको फेरी हेर्ने (रिभ्यू गर्ने) अधिकारसम्म प्रधान न्यायालयलाई हुनेछ ।

६. मूल ऐनको दफा २५ को संशोधनः—मूल ऐनको दफा २५ कोसट्टा देहायको दफा राखिएको छ ।

डिभिजन बेञ्चमा रायबाझी भएमा गर्नेकामः— डिभिजन बेञ्चले मुद्दा हेर्दा न्यायाधीशहरूको राय नमिली बाझिन गएमा देहायबमोजिम तोकिएको तेस्रो न्यायाधीशले सो मुद्दा हेर्नुपर्छ र निजको राय फैसला सदर हुनेछ

[क] प्रधान न्यायाधीश शामेल भएकोमा प्रधान न्यायाधीशले तोकेको प्रधान न्यायालयका अन्य न्यायाधीश ।

[ख] प्रधान न्यायाधीशबाहेक अरू दुइ जना न्यायाधीश शामेल भएकोमा प्रधान न्यायाधीश ।

७. मूल ऐनको दफा २६ को संशोधनः—मूल ऐनको दफा २६ मा 'आवश्यक भए बमोजिम डिक्री दिन सक्छ वा आदेश गर्न सक्छ' भन्ने शब्दहरूको सट्टा 'प्रचलित कानूनको अधीनमा रही आवश्यक डिक्री वा आदेश दिन सक्छ' भन्ने सब्दहरू राखिएको छ ।

८. मूल ऐनमा दफा थपः— मूल ऐनको दफा २६ पछि देहायको दफा थपिएको छ।

९. पुर्जी इत्यादि जारी गर्ने अख्तियार:— प्रधान न्यायालयलाई नेपालभर मुलुकमा जहाँसुकै पनि आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सबै कुरामा कानून द्वारा प्रदत्त अधिकारको प्रचलनका लागि जुनसुकै व्यक्ति वा व्यक्तिहरू कम्पनी, कारपोरेशन वा अधिकारी वर्गलाई जो चाहिने आज्ञापत्र वा आदेश, जसमा बन्दी प्रत्यक्षी कारण (हेबियस कर्पस) परमादेश (म्यान्डेमस्), प्रतिबेध (प्रोहीबिशन) अधिकार पृच्छा (क्वो वारेन्टो) उत्प्रेषण (सर्सि ओरेरी) का प्रकारका पुर्जीसमेत शामेल छन्, जारी गर्ने अख्तियार हुनेछ।

तर प्रचलित ऐन सवाबले नालिस लाग्ने कुरामा यस्तो आदेश दिन हुँदैन।

९. दफा ४१ को संशोधन:— मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा राखिएको छ।

४१. एटर्नी जनरल:—[१] नेपालको कानूनमा पोख्त भई क्षमता हासिल गरेको लायक व्यक्तिलाई सरकारले एटर्नी जनरलको पदमा नियुक्त गर्नेछ।

[२] सरकारले ऐन कानूनसम्बन्धी विषयहरूमा सल्लाह माग्नेका कुरामा सल्लाह दिनु र परिभाएको जुनसुकै सरकारी कानूनी कामका सरकारले खटाएबमोजिम गर्नु एटर्नी जनरलको कर्तव्य हुनेछ।

[३] आफ्नो ओहदाको कर्तव्य पालन गर्नको निमित्त एटर्नी जनरलले नेपालभर मुलुकका सबै अदालतहरूमा बहस गर्न पाउने छन्।

[४] एटर्नी जनरलको नोकरी सरकारको इच्छानुसार बहाल रहने छ।

[५] एटर्नी जनरलले प्राइभेट प्राक्टीस गर्न पाउने छैनन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[६] एटर्नी जनरलको नौकरीका अरू शर्तहरू सरकारले नियमद्वारा वखत बखतमा तोकेबमोजिम हुनेछ ।

[७] उपरोक्त दफाहरूमा जेसुकै लखिएको भए तापनि सरकारले चाहेमा जुनसुकै मुद्दामा बहस गर्न अरू कुनै अफिसर वा व्यक्तिलाई खटाउन सक्छ ।

इति सम्वत २०१२ साल आश्विन गते रोज शुभम्

आज्ञाले—

रत्नबहादुर विष्ट,

सेक्रेटरी—कानून तथा संसदीय प्रबन्ध विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।